**गाउँपालिकाको गाउँसभाको २०^औ^ अधिवेशन (पहिलो बैठक) को प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव नं. १: आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णयः पूर्वखोला गाउँपालिका अध्यक्ष तथा सभाका अध्यक्ष नुन बहादुर थापाले प्रस्तुत गर्नुभएको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम माथि दफावार छलफल गरियो । साथै प्रस्तुत नीति तथा कार्यक्रममा आवश्यक संसोधन गर्नुपर्ने देखिएकाले असार १० गते बस्ने गाउँसभाको दोस्रो बैठकमा नीति तथा कार्यक्रम माथि पुन छलफल गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. २: आ.व. २०८३/०८४ आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट प्रस्तुत गर्ने सम्बन्धमा ।

निर्णयः आउँदो असार १० गते बस्ने गाउँसभामा पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को आर्थिक विधेयक प्रस्ताव गर्नका लागि राजश्व परामर्श समिति, विनियोजन विधेयक तथा बजेट प्रस्ताव गर्नका लागि कार्यपालिकालाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो साथै विषयगत् समिति मार्फत सिफारिश् भएका योजना तथा कार्यक्रमहरुलाई मात्र बजेटमा समावेश गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ३: म्याद सकिएको तर सम्पन्न हुन बाँकी योजना कार्यान्वयन गर्ने सम्बन्धमा:

निर्णय: म्याद सकिएको तर सम्पन्न हुन बाँकी योजना कार्यालय फर्निसिङ्ग योजनालाई कार्यान्वयन गर्ने म्याद सकिए पश्चात अधिकतम २०० दिन क्षतिपूर्ति लिई दिन सकिने सार्वजनिक खरीद ऐन एवं Bid Document मा उल्लेखित प्रावधान बमोजिम ठेकेदारलाई उक्त योजना कार्यान्वयन गर्न अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४: दोस्रो बैठक आह्वान सम्बन्धमा ।

निर्णयः प्रत्येक स्थानीय तहले असार १० गते भित्र अनिवार्य रुपमा सभामा बजेट पेश गर्नुपर्ने कानूनी प्रावधान अनुरुप पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट प्रस्तुत गर्ने गरी असार १० गते दोस्रो बैठक बस्ने गरी सभाध्यक्ष नुन बहादुर थापाले आह्वान गर्नुभएको बैठक व्यवस्थित एवं सफलतापूर्वक सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

**गाउँपालिकाको गाउँसभाको २०औं अधिवेशन (दोस्रो बैठक) को प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव नं. १: आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।

निर्णयः पूर्वखोला गाउँपालिका अध्यक्ष तथा सभाका अध्यक्ष नुन बहादुर थापाले २०८३/०३/०३ गते प्रस्तुत गर्नुभएको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम माथि पुन दफावार छलफल गरियो । प्रस्तुत नीति तथा कार्यक्रममा सभा सदस्यहरुबाट प्रस्तुत संसोधन प्रस्तावहरु थप गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. २: आ.व. २०८३/०८४ आर्थिक विधेयक पारित सम्बन्धमा ।

निर्णयः राजश्व परामर्श समितिबाट तयार एवं कार्यपालिकाबाट स्वीकृत भई सभामा पेश भएको पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को आर्थिक विधेयक माथि दफावार छलफल पश्चात पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ३: विनियोजन विधेयक तथा बजेट प्रस्तुत सम्बन्धमा ।

निर्णयः विषयगत समितिहरुबाट सिफारिश तथा कार्यपालिकाबाट स्वीकृत भई सभामा गाउँपालिकाका उपाध्यक्षबाट प्रस्तुत पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को बजेट तथा विनियोजन विधेयक माथि दफाबार छलफल गरियो । बजेट माथि भएको छलफलमा सभा सदस्यहरुबाट आवश्यक संसोधनहरु गर्नुपर्ने प्रस्ताव पेश भएको र अध्ययनका लागि सभा सदस्यहरुबाट थप समय समेत माग भएकाले आउने बैठकमा बजेट तथा विनियोजन विधेयक माथि पुनः छलफल गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४: सभाको तेस्रो बैठक आह्वान सम्बन्धमा ।

निर्णयः पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को बजेट तथा विनियोजन विधेयक माथि छलफल, माथि विषयगत समिति ( न्यायिक समिति, सार्वजनिक लेखा समिति,योजना शाखा, बालमैत्री स्थानीय शासन सञ्चालन कार्यक्रम कार्यान्वयन समितिको समेत) को वार्षिक प्रतिवेदन छलफल साथै कृषक सम्मान कार्यक्रम गर्ने गरी गाउँसभाका सभाध्यक्ष नुन बहादुर थापाबाट मिति २०८३/०३/१८ गते आह्वान भएको तेस्रो बैठक व्यवस्थित एवं परिणाममुखी रुपमा सुसम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

**गाउँपालिकाको गाउँसभाको २०औं अधिवेशन (तेस्रो बैठक) को प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव नं. १: विषयगत समिति ( न्यायिक समिति, सार्वजनिक लेखा समिति, योजना शाखा, बालमैत्री स्थानीय शासन सञ्चालन कार्यक्रम कार्यान्वयन समितिको समेत) को वार्षिक प्रतिवेदन माथि छलफल ।

निर्णयः पूर्वखोला गाउँपालिकामा रहेका विभिन्न विषयगत समितिहरु ( न्यायिक समिति, सार्वजनिक लेखा समिति,योजना शाखा, बालमैत्री स्थानीय शासन सञ्चालन कार्यक्रम कार्यान्वयन समितिको समेत) को वार्षिक प्रतिवेदन सम्बन्धित समितिका सदस्य सचिवहरुबाट प्रस्तुत गरियो । प्रतिवेदनमा समिति र अन्तर्गतका शाखाहरुबाट आ.व. २०८२/०८३ मा सम्पादन भएका कार्यहरु, असल अभ्यास, अवसरहरु तथा चुनौतीहरुका सम्बन्धमा समेत SWOT विश्लेषण प्रस्तुत गरिएको थियो । प्रस्तुत प्रतिवेदनहरु माथि सघन छलफल गरी समिति र अन्तर्गतका शाखाहरुबाट सम्पन्न कार्यक्रम तथा योजनाहरु र गरिएको भुक्तानी अनुमोदन गर्दै समितिबाट प्रस्तुत रचनात्मक राय सल्लाह सुझावहरुलाई ग्रहण गर्ने र आगामी दिनहरुमा क्रमशः लागू गर्दै लैजाने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. २: आ.व. २०८३/०८४ को बजेट एवं विनियोजन विधेयक माथि छलफल तथा सुझाव संकलन।

निर्णयः गाउँपालिकाका उपाध्यक्ष भागिरथी भट्टराईबाट मिति २०८३/०३/१० मा प्रस्तुत पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को बजेट तथा विनियोजन विधेयक सभाका सदस्यहरुको संसोधन प्रस्ताव बमोजिम आवश्यक संसोधन गरी पुनः सभामा छलफल तथा सुझाव संकलनका लागि पेश गरियो । प्रस्तुत बजेट एवं विनियोजन विधेयक माथि सभा सदस्यहरुबाट पर्याप्त सुझाव तथा संसोधन प्रस्तावहरु सभामा पेश भएकाले पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को बजेट तथा विनियोजन सभा सदस्यहरुबाट पेश सुझाव तथा संसोधन प्रस्ताव समावेश गरी परिमार्जन सहित चौथो बैठकमा पारित गर्ने गरी पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ३: म्याद सकिएको तर सम्पन्न हुन बाँकी योजना कार्यान्वयन गर्ने सम्बन्धमा:

निर्णय: म्याद सकिएको तर सम्पन्न हुन बाँकी योजना मण्डली स्पोर्ट खेल मैदान अधुरो निर्माण योजनालाई कार्यान्वयन गर्न म्याद सकिए पश्चात अधिकतम २०० दिन क्षतिपूर्ति लिई दिन सकिने सार्वजनिक खरीद ऐन एवं Bid Document मा उल्लेखित प्रावधान बमोजिम ठेकेदारलाई उक्त योजना कार्यान्वयन गर्न अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

प्रस्ताव नं. ३: कृषक सम्मान सम्बन्धमा ।

निर्णयः पूर्वखोला गाउँपालिकाको कृषि तथा पशु सेवा शाखाको सिफारिश बमोजिम गाउँपालिका अन्तर्गत रही व्यावसायिक रुपमा उत्कृष्ट तवरले कृषि तथा पशुपालन कार्य गरिरहेका कृषकहरुलाई विभिन्न बिधामा उत्कृष्ट कृषकका रुपमा नगद पुरस्कार र सम्मान पत्र सहित सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४: सभाको चौथो बैठक आह्वान सम्बन्धमा ।

निर्णयः पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को बजेट तथा विनियोजन विधेयक माथि छलफल तथा पारित गर्ने, सार्वजनिक महत्वका विषयहरु माथि छलफल गर्ने, सैद्धान्तिक तथा अनियमित बरुजु सम्परीक्षण गर्ने, गाउँपालिकाको O & M स्वीकृत गर्ने, भुक्तानी बाँकी अनुमोदन गर्ने, करारका कर्मचारीहरु तथा गाउँपालिकाका अनुदान शिक्षकको म्याद थप तथा पारिश्रमिक सम्बन्धमा निर्णय गर्ने, म्याद थप सम्बन्धमा निर्णय गर्ने र कर्मचारी तथा चालक सम्मान कार्यक्रम गर्ने गरी गाउँसभाका सभाध्यक्ष नुन बहादुर थापाबाट मिति २०८३/०३/२६ गते आह्वान भएको चौथों बैठक व्यवस्थित एवं परिणाममुखी रुपमा सुसम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**पूर्वखोला गाउँपालिकाको गाउँसभाको २०औं अधिवेशन (चौंथो बैठक) को प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव नं. १: आ.व. २०८३/०८४ को बजेट एवं विनियोजन विधेयक माथि छलफल तथा पारित सम्बन्धमा ।

निर्णयः गाउँपालिकाका उपाध्यक्ष भागिरथी भट्टराईबाट मिति २०८३/०३/१० मा प्रस्तुत एवं २०औं अधिवेशनको तेस्रो बैठकमा छलफल तथा सुझाव संकलन गरिएकोमा पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को बजेट तथा विनियोजन विधेयकका सन्दर्भमा सभाका सदस्यहरुको सुझाव एवं संसोधन प्रस्तावहरु प्राप्त भएकाले अत्यावश्यक सुझाव तथा संसोधन प्रस्ताव सम्मिलित गरी तयार गरिएको पूर्वखोला गाउँपालिकाको बजेट तथा विनियोजन विधेयक, २०८३ पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.२: सार्वजनिक महत्वका विषयहरु माथि छलफल सम्बन्धमा ।

निर्णयः संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त विविध निर्देशन तथा राय सल्लाह सुझावहरु एवं समसामयिक विषयवस्तु, घटनाक्रमहरु तथा सार्वजनिक महत्वका विषयहरु माथि छलफल गरी सभा समक्ष जानकारी गराईयो साथै संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त विविध निर्देशन तथा राय सल्लाह सुझावहरु परिपालना गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ३: सैद्धान्तिक तथा अनियमित बेरुजु सम्परीक्षण सम्बन्धमा ।

निर्णयः महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण भई कायम रहेको पूर्वखोला गाउँपालिकाको बेरुजुहरु मध्ये तपसिलमा उल्लेखित सार्वजनिक लेखा समितिले सम्परीक्षणका लागि सिफारिश गरेका तपसिलमा उल्लेखित सैद्धान्तिक तथा अनियमित बेरुजुहरु सम्परीक्षण गरी लगत कट्टा गर्ने सर्वसम्मत निर्णय गरियो। साथै सम्परीक्षण गरिएका उक्त बेरुजुहरुको सम्परीक्षण गरी लगत कट्टा गर्नका लागि महालेखा परीक्षकको कार्यालयलाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

प्रस्ताव नं. ४: संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M )स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णयः पूर्वखोला गाउँपालिकाको मिति २०७८/०९/२७ गते बसेको १०औं गाउँसभाको बैठकबाट स्वीकृत भई दर्ता गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा पठाईएकोमा सो दर्ता नभएको हुनाले पुनः गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) दर्ता गर्न सम्बन्धित निकायहरुमा पठाउने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं. ५: कर्मचारी पदपूर्ति सम्बन्धमा ।

निर्णयः पूर्वखोला गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेका स्वीकृत दरबन्दीहरुमा कर्मचारीहरु स्थायी पदपूर्ति गर्नका लागि प्रदेश लोकसेवा आयोगमा माग गर्ने र स्थायी पदपूर्ति नहुञ्जेल सम्म सेवा प्रवाह अवरुद्ध हुन नदिई गुणस्तरीय तथा प्रभावकारी सेवाप्रवाह गर्नका लागि कृषि/पशु/ईञ्जिनियरिङ/स्वास्थ्य सेवा जस्ता प्राविधिक पदहरुमा करारमा पदपूर्ति गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ६: अस्थायी दरबन्दी सिर्जना तथा स्वीकृत गर्ने सम्बन्धमा।

निर्णयः नागरिकको स्वास्थ्य सम्बन्धी हकलाई प्रत्याभूत गर्न साथै नागरिकलाई आधा घण्टा भित्र स्वास्थ्य सेवा माथिको पहुँच उपलब्ध सुनिश्चित गर्न गाउँपालिकाले गाउँपालिका भित्र विभिन्न स्थानमा ५ वटा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी सञ्चालन गर्दै आएको तथा उक्त स्वास्थ्य इकाईहरुमा आवश्यक जनशक्ति गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गरी स्वीकृत गरिसकेको र सहमती एवं दर्ताका लागि विभिन्न तालुक निकायहरुमा समेत पठाईसकिएको तर सहमती र दर्ता नभईसकेकाले उक्त इकाईहरुमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) मार्फत सिर्जना गरिएका दरबन्दीहरुलाई गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) स्वीकृत भए पश्चात सोही बमोजिम हुनेगरी तत्काललाई उक्त इकाईहरुमा सिर्जित दरबन्दीहरुलाई अस्थायी दरबन्दीका रुपमा स्वीकृत गर्ने र करारमा कार्यरत् जनशक्तिहरुलाई करार सम्झौता गरी ६ महिनाका लागि निरन्तरता दिने सर्वसम्मत मिर्णय गरियो ।साथै गाउँपालिकामा भूमि प्रशासन सम्बन्धी सेवा प्रवाह गर्न गाउँपालिकामा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) मार्फत नै अमिन पद सिर्जना गरिएको र उक्त पद पनि अत्यावश्यक भएकाले गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) स्वीकृत भए पश्चात सोही बमोजिम हुनेगरी तत्काललाई उक्त पदलाई पनि अस्थायी दरबन्दीका रुपमा स्वीकृत गरी अमिन पदमा कार्यरत् कर्मचारीको करार सम्झौता नविकरण गरी ६ महिनालाई निरन्तरता दिने निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

प्रस्ताव नं. ७: कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा ।

निर्णयः गाउँपालिकामा कार्यरत् कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा तपसिल बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) स्थायी कर्मचारीहरुको नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेगरी गर्ने ।

ख) संघीय सरकार एवं प्रदेश सरकार बाट उपलब्ध कार्यक्रम तथा गाउँपालिका अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयन गर्न नियुक्त करारका कर्मचारीहरु ( सूचना प्रविधि अधिकृत, जनस्वास्थ्य अधिकृत, रोजगार संयोजक, रोजगार सहायक, राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गतका प्राविधिक, MIS अपरेटर, फिल्ड सहायक, मनोसामाजिक परामर्शकर्ता, खेल प्रशिक्षक, बाल कल्याण अधिकारी, अमिन, स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहोयोगी, ल्याब असिस्टेन्ट र बर्थिङ्ग सेन्टरमा कार्यरत् २४ घण्टे नर्सिङ्ग, हलुका सवारी चालक, एम्बुलेन्स चालक, आयुर्वेद औंषधालयमा कार्यरत् कविराज, बैद्य, औषधी कुटुवा ) को गत वर्ष खाईपाई आएको तलबमानमा १०% ले बढोत्तरी गर्ने ।

ग) करारमा कार्यरत् अन्य कर्मचारीको तपसिल बमोजिम गर्ने ;

| क्र.स. | कर्मचारीको नाम,थर | पद | कायम तलब | कैफियत |
|---|---|---|---|---|
| १ | थान बहादुर चिदी | वरिष्ठ नगर प्रहरी | ३०,०००।- | |
| २ | पुजन मश्राङ्गी | नगर प्रहरी | २७,५००।- | |
| ३ | सुनिल काम्मु | नगर प्रहरी | २७,५००।- | |
| ४ | टेमन सिं झापुर्लुक | कार्यालय सहयोगी | २४,७००।- | |
| ५ | शान्ति आचार्य | कार्यालय सहयोगी | २४,२००।- | |
| ६ | पानु देवी ठाडा | कार्यालय सहयोगी | २४,२००।- | |
| ७ | रिमिसरा फाल | कार्यालय सहयोगी | २४,०००।- | वडा नं. ३ |
| ८ | रम्भा घर्ती | कार्यालय सहयोगी | २४,०००।- | वडा नं. ६ |
| ९ | सिता पाण्डे | कार्यालय सहयोगी | २२,०००।- | |
| १० | खेम बहादुर ढेंगा | डोजर अपरेटर | २२,०००।- | |
| ११ | प्रेम बहादुर चिदी | सहयोगी(डोजर अपरेटर ) | १२,०००।- | |

उपरोक्तानुसार उल्लेखित बाहेक सामुदायिक स्वास्थ्य इकाईहरुमा कार्यरत् स्वास्थ्यकर्मीहरुको २४,७०० तथा वडा कार्यालयहरु तथा सामुदायिक स्वास्थ्य इकाईहरुमा कार्यरत् कार्यालय सहयोगीहरुको १७,५००।- मात्र कायम गर्ने ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

प्रस्ताव नं. ८: बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

निर्णयः गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका निर्माण गर्नका लागि नीतिगत् प्रबन्ध गर्न तथा आवश्यक कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि जनशक्ति व्यवस्थापन गर्न निर्मित बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०८२ बमोजिम पदपूर्ति गरिने पदहरुमा आवश्यक न्यूनतम योग्यता पुगेका गाउँपालिका वा अन्तर्गतका वडा कार्यालयहरुमा विगत १० वर्ष भन्दा लामो समयदेखि अविच्छन्न रुपमा करारमा कार्यरत् कर्मचारीहरुमध्ये मन बहादुर सारुलाई सहायक बाल कल्याण अधिकारीमा रु ३६,१९२।- (सहायक चौथो को आधारभुत तलबमानमा १०% बढोत्तरी गरी) तथा रुमीसरा दिसुवा, जानकी मश्राङ्गी, कमला देवी घर्ती मगर र अमर बहादुर आलेलाई विगतमा कार्यरत् वडामा नै कामकाज गर्नेगरी बालमैत्री सहजकर्तामा मासिक रुपमा रु २४,२००।- उपलब्ध गराउने गरी करार सम्झौता गरी कामकाजमा लगाउने सर्वसम्मत निर्णय गरियो । साथै बाँकी बालमैत्री सहजकर्ताका २ पदमा नियमानुसार करारमा पदपूर्ति गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ९: गाउँपालिका अनुदानमा कार्यरत् शिक्षक, बालविकास शिक्षक, विद्यालय कर्मचारी, सामुदायिक सिकाई केन्द्रका परिचालकहरुको पारिश्रमिक एवं सेवा सुविधा सम्बन्धमा ।

निर्णयः गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत् गाउँपालिका अनुदान शिक्षक, बालविकास शिक्षक, विद्यालय कर्मचारी, सामुदायिक सिकाई केन्द्रका परिचालकहरुको पारिश्रमिक एवं सेवा सुविधा तपसिल बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | पद | खाईपाई आएकोमा थप गरिएको तलब/ सुविधा | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका अनुदान शिक्षक | १०००।- | |
| २ | विद्यालय सहायक (लेखा) | २५००।- | |
| ३ | विद्यालय सहयोगी | १५००।- | |
| ४ | सामुदायिक सिकाई केन्द्रका परिचालक | २०००।- | |
| ५ | बाल विकास शिक्षक | २०००।- | |

विद्यालयहरुका प्रधानाध्यापकहरुलाई यस अघि उपलब्ध गराउँदै आइरहेको प्रोत्साहन भत्ता यथावत् कायम राख्ने समेत सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

प्रस्ताव नं.१०: कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा ।

निर्णयः गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत् कर्मचारीहरुलाई तपसिल बमोजिम ईन्धन, सञ्चार, फिल्ड भत्ता, आवास भत्ता तथा प्रोत्साहन भत्ता मासिक रुपमा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

| पद | ईन्धन | सञ्चार | फिल्ड भत्ता | आवास भत्ता | प्रोत्साहन भत्ता | खाना खाजा खर्च | सवारी साधन मर्मत खर्च ( वार्षिक) |
|---|---|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | आवश्यकता अनुसार | १०,०००।- | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| आर्थिक प्रशासन शाखा प्रमुख | २० लिटर | आवश्यकता अनुसार | | | ८,०००।- | | सरकारी सवारी साधन प्रयोग गर्नेलाई अधिकतम् रु १००००।- सम्म र आफ्नो निजी सवारी साधन प्रयोग गर्ने वडा सचिवलाई अधिकतम |
| सहायक लेखा अधिकृत | १० लिटर | ५००।- | | | ५०००।- | | |
| अधिकृत स्तर सातौं( गाउँपालिका बाहिरका कर्मचारीलाई मात्र) | १० लिटर | १०००।- | | ३०००।- | | | |
| शाखा प्रमुख | १० लिटर | अधिकृत स्तरको १०००।- सहायक स्तरको ५००।- | | | | | |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राविधिक ईञ्जिनियर | १५ लिटर | १०००।- | ८०००।- | | | | म् ६०००।- सम्म |
| वडा सचिव | १० लिटर | ५००।- | | | | | |
| प्राविधिक सहायक (पाँचौ) | १५ लिटर | ५००।- | ६०००।- | | | | |
| सहायक (चौथो) | १५ लिटर | | ५०००।- | | | | |
| एक गाउँ एक प्राविधिक अन्तर्गतका कृषि तथा पशु प्राविधिक | | | २०००।- | | | | |
| वरिष्ठ नगर प्रहरी | आवश्यकता अनुसार | ५००।- | | | | रात्री सेवा गरे वापत प्रतिदिन २५०।- | |
| नगर प्रहरी | | २००।- | | | | रात्री सेवा गरे वापत प्रतिदिन २५०।- | |
| खेल प्रशिक्षक | १५ लिटर | ५००।- | | | | | |
| बाल कल्याण अधिकारी/सहायक बाल कल्याण अधिकारी | १० लिटर | ५००।- | | | | | |
| डोजर अपरेटर | १० लिटर | ३००।- | प्रति घण्टा रु १००।- | | | | |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

पूर्वखोला गाउँपालिका
कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपरेटर सहयोगी | ७ लिटर | २००।- | प्रति घण्टा रु ५०।- | | | | |
| श्रेणी विहिन कर्मचारी | | २००।- | | | | | |

प्रस्ताव नं. १३: साझेदारी गर्ने सम्बन्धमा ।

निर्णयः पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको साझेदारी कार्यक्रम (कृषि,पशु) कार्यान्वयनका लागि प्रस्ताव नं. ११: निर्णय अनुमोदन सम्बन्धमा ।

निर्णयः गाउँ कार्यपालिकाबाट आ.व. २०८२/०८३ मा बसेको बैठक नं. १७७ देखि २०१ सम्म भएका सबै निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १२: खर्च अनुमोदन सम्बन्धमा ।

निर्णयः गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व. २०८२/०८३ मा सबै प्रकारका भुक्तानीहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

सहलगानी मार्फत कार्य गर्न गत विगतमा समेत कार्य गरिरहेको संस्था हेफर ईन्टरनेशनलसँग साझेदारी गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १४: अध्ययन अवलोकन भ्रमण तथा अन्तरपालिका असल अभ्यास आदान प्रदान कार्यक्रम सम्बन्धमा ।

निर्णयः गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अध्ययन अवलोकन भ्रमण कार्यक्रम मिति २०८३/०३/२७ गते देखि २०८३/०३/३२ गते सम्म मधेश प्रदेश तथा कोशी प्रदेशका विभिन्न क्षेत्रहरु अवलोकन गरी सम्पन्न गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रममा सभाका सबै सदस्यहरु, सभाका सचिव, आर्थिक प्रशासन शाखा, स्वास्थ्य शाखा, प्राविधिक शाखा लगायत अन्य शाखाका कर्मचारीहरु सहभागी हुने र सोही समयमा अन्तरपालिका असल अभ्यास आदान प्रदान कार्यक्रम मधेश प्रदेशको सिराहा जिल्लाको भगवानपुर गाउँपालिकामा भ्रमण गरी सम्पन्न गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष